आज मिति २०७८।२।१८ गते मङ्गलबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मागाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा वसी तपसिलका प्रस्तावहरूमा छलफल गरी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

उपस्थिति :

| | |
|---|---|
| १.श्री निमवहादुर के.सी. | अध्यक्ष |
| २.श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३.श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४.श्री कविकुमार चन्द | सदस्य |
| ५.श्री डिल्लीवहादुर के.सी. | सदस्य |
| ६.श्री सेतिराम रोकाहा | सदस्य |
| ७.श्री चन्द्रवहादुर रावत | सदस्य |
| ८.श्री रामवहादुर के सी | सदस्य |
| ९.श्री दुर्गावहादुर मल्ल | सदस्य |
| १०.श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२.श्री मञ्जु शाही | सदस्य |
| १३.श्री जुना मल्ल चन्द | सदस्य |
| १४.श्री देवी खत्री | सदस्य |
| १५.श्री धनीराम नेपाली | सदस्य |

**प्रस्तावहरू**

१. बजेट रकमान्तर गर्ने सम्बन्धमा ।
२. कोरोना संक्रमितको शव व्यवस्था टिम परिचालन सम्बन्धमा ।
३. कार्यविधि पारित सम्बन्धमा ।
४. मस्यौदा तयार गरेवापत अतिरिक्त सुविधा सम्बन्धमा ।
५. गाउँशिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।
६. करार सम्झौता थप सम्बन्धमा ।
७.कोटेशन मार्फत मेसिनरी औजार उपकरण खरिद गर्ने सम्बन्धमा ।
८. स्थानीय स्रोत व्यक्ति छनौट सम्बन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १- प्रस्ताव नं. १** "बजेट रकमान्तर सम्बन्धमा" छलफल गर्दा तपसिल बमोजिमको चालु कार्यक्रम शिर्षक अन्तर्गतका शिर्षकबाट चालु शिर्षकमा र पुजीगत शिर्षकबाट पूजिगत शिर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | रकमान्तरण गरिएका कार्यक्रम/ योजना | रकमान्तर गरिएको बजेट |
|---|---|---|
| पूजिगत शिर्षक | | |
| ज्ञानपुञ्ज प्रा.वि. सौचालय निर्माण | रतिखोला तीन गैरे सिंचाई कुलो मर्मत योजना | ३०० |
| मासु पसल सुधारका लागी अनुदान कार्यक्रम (पशु सेवा विकास कार्यक्रम) | १.५ किलोवाटको सोलार प्रविधि जडान | २०० |
| भल्चौर साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई होजेरी सञ्चालनको अनुदान | | २०० |
| पालिकास्तरमा स्तनपान कक्षा संचालन | | १०० |
| दारिमबोट जिउला खानेपानी योजना | तामाखेत विरेखेत सिंचाइ कुला मर्मत योजना | २०० |
| सामुदायिक भवन,तरकारी संकलन केन्द्र,हाटबजार,मठमन्दिर तथा मन्डलीका भवन निर्माण | अक्सिजन सिलिन्डर खरिद | ३०० |
| खानेपानी सुरक्षा योजना | | १५० |
| घरेली खानेपानी योजना | चिसापानी खानेपानी योजना | १०० |
| **चालु खर्च** | | |
| गाउँपालिका स्तरिय एक वन नर्सरी स्थापना ( वन तथा वातावरण कार्यक्रम) | अतिविपन्न परिवारमा ८५ अनुदानमा मोरगां (शितल चिनीको ) विरुवा वितरण | १५० |

| | | |
|---|---|---|
| | काम गर्ने ) | |
| | | |
| फिल्ड भत्ता | | |
| | | ५९१ |
| | पत्रपत्रिका ,छपाई तथा सूचना प्रकाशन खर्च | |
| सेवा र परामर्स | अन्य भत्ता ( कानून मस्यौदा तयारी, संसोधन ) | २०० |
| आगामी वर्षको कृषि विकास सम्बन्धी योजना तर्जुमा गोष्ठी (कृषि विकास कार्यक्रम) | दार्मा गाउँपालिका स्थानीय तह प्रकोप व्यवस्थापन समिति | २० |
| गाउँपालिका स्तरिय मागमा आधारित कृषि विशेष तालिम ( कृषि विकास कार्यक्रम) | | २५ |
| हिउदे,वर्षे फलफुलका बिरुवा ७५ प्रतिशतमा मुल्य अनुदानमा वितरण ( कृषि विकास कार्यक्रम) | | २०० |
| स्थानिय प्रविधिको प्रयोग गरि च्याउको विउ उत्पादन ( कृषि विकास कार्यक्रम) | | १५० |
| कृषि व्यवसाय प्रोत्साहन बिक्री परिमाणमा आधारित (कृषि कार्यक्रम) | | १५० |
| खाद्यान्न बालीको उन्नत विउ ५० प्रतिशतमा वितरण (कृषि विकास कार्यक्रम) | | १४० |
| नश्लसुधार कार्यक्रमको लागी नाइट्रोजन र सिमेन खरिद ( पशु सेवा विकास कार्यक्रम) | | ५० |
| बर्थिङ सेन्टरका अ.न.मी. एस.बि.ए. तालिम | | ७५ |
| स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको अभिमुखिकरण तालिम | | ६० |
| वडा मेलमिलाप समितिलाई तालिम | | १०० |
| सुरक्षा सामाग्री खरिद तथा मानव स्रोत व्यव्थापनका लागि गाउँ प्रहरी गठन | | ८०० |

अमृत खड्का
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| संचालन | | |
| भर्चुअल कक्षा संचालन | | ७०० |
| शैक्षिक मेला प्रदर्शनी | | १६० |
| निरन्तर विद्यार्थी मुल्यांकन प्रणाली सुदृढीकरण | | २०० |
| जम्मा | | २८३० |

**निर्णय नं. २- प्रस्ताव नं. २** "कोरोना संक्रमितको शव व्यवस्था टिम परिचालन सम्बन्धमा" मा छलफल गर्दा विश्वमहामारीको रुपमा फैलिएको नयाँ भेरिन्ट सहितको कोभिड- १९ को संक्रमित भई मृत्यु भएका नागरिकहरुको शव व्यवस्थापनको लागि ६ वटै वडाबाट वडा कार्यालयको सिफारिसमा एक/एक जनाका दरले ६ जना शव व्यवस्थापन लागि २५-४०' वर्ष उमेर समुहका यूवाहरुलाई अन्य दिनमा दैनिक ५१७ का दरले र शव व्ययस्थापन गरेको दिनमा दैनिक रु १०००। का डोर हाजिरीको आधारमा भुक्तानी दिने गरी शव व्यवस्थाप टिम परिचालन गर्ने। उक्त ६ जनाको टिमले प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा शाखाले लाएअह्राए अनुसार भौतिक संरचना निर्माण र सरसफाईसम्बन्धी कामकाजमा लगाउने निर्णय पारित गरियो ।

**निर्णयनं.३- प्रस्ताव नं. ३** " कार्यविधि पारित सम्बन्धमा " छलफल गर्दा विधान समितिका संयोजक श्री दुर्गाबहादुर मल्लज्यूबाट प्रस्तावित तपसिल बमोजिमका कार्यविधि दफादार छलफल गरि सर्वसहमतिवाट पारित गरियो।

तपशिल

(१) दार्मा गाउँपालिकाको विद्यार्थी मूल्यांकन, नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि २०७८

**निर्णयनं.४- प्रस्ताव नं. ४** "मस्यौदा तयार गरेवापत अतिरिक्त सुविधा सम्बन्धमा" मा छलफल गर्दा दार्मा गाउँपालिकामा आ.व. २०७७/ ०७८ मा आवश्यक पर्ने मस्यौदा कानून ( ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउने र संसोधन ) अतिरिक्त समयमा अतिरिक्त कार्य गरेवापत नयाँ कानून बनाउदा प्रतिकानून १००००। दश हजार र संसोधन गर्दा प्रतिकानून ५०००। पाँच हजारका दरले अतिरिक्त भत्ता दिने निर्णय पारित गरियो ।

**निर्णयनं.५- प्रस्ताव नं. ५** "गाउँशिक्षा समितिको बैठकका निर्णय अनुमोदन सम्वन्धमा" मा छलफल गर्दा मिति २०७८।२।१८ गतेको गाउँशिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णयनं.६- प्रस्ताव नं. ६** मा छलफल गर्दा तपसिल वमोजिमका कर्मचारी यस कार्यालय कार्यरत करारमा विभिन्न सेवा र पदमा कार्यरत कर्मचारीहरुको 'गाउँपालिकामा करार कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि , २०७७ को दफा ६ को उप दफा ५ बमोजिम मिति २०७८।०२।०१ गते देखि लागु हुने गरी कार्य सम्पादन मुल्याकंनमा आधारित करार सम्झौता गर्ने निर्णय सर्वसहमतिवाट पारित गरियो

तपसिल

निमित्त प्रमुख प्रशासकीय अ.कृ.

तपसिल

१.वरिष्ठ उद्यम विकास सहजकर्ता श्री महेश्वर देवकोंटा

२. उद्यम विकास सहजकर्ता श्री पुस्पा रोकाय

३. हल्का सवारी चालक श्री अर्जुन वली

**निर्णयनं.७- प्रस्ताव नं. ७** "कोटेशन मार्फत मेसिनरी औजार उपकरण खरिद गर्ने सम्बन्धमा" मा छलफल गर्दा पालिका स्तरिय अस्पताल संचालनका लागी औजार,उपकरण,ल्याव सामाग्री खरिद खर्च शिर्षकबाट ३०० एमएको एक्स-रे र एनालाइजर क्याटलग विधिबाट खरिद गर्न १५ लाख लागत इस्टिमेट भएकोमा प्रतिस्प्रर्धा भइ ११लाख ६५ हजारमा खरिद भई बाँकी रहन गएको ३ लाख ३५ हजार बजेटबाट कोटेसनमार्फत कोभिड अस्थायी अस्पतालमा आवश्यक भिडियो एक्स - रे मेसिन खरिद गर्ने निर्णय पारित गरियो ।

**निर्णयनं.८ - प्रस्ताव नं. ८.** " स्थानीय स्रोत व्यक्ति छनौट सम्बन्धमा" मा छलफल गर्दा पहाडी साना किसानका लागि अनुकुलन आयोजना जिल्ला आयोजना सम्न्वय इकाई, सल्यानको च.नं. ४४ मिति २०७८।०१।१३ को पत्र बमोजिम स्थानीय स्रोत व्यक्तिको रुपमा मुख्य सहजकर्ता श्री सुनिता चन्द खत्री र सहजकर्ता श्री निमा के.सी. लाई सिफारिस गर्ने निर्णय गरियो ।